☎०२३–४७५०९९ (023-475099)
☎०२३–४७५०८१ (023-475981)

कमल गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

तोपगाछी, झापा
१ नं. प्रदेश, नेपाल

E-mail: info@kamalmun.gov.np

प. स. ०७५/०७६
च. न. 863

मितिः २०७५/०८/०२

विषयः गोलिया काठ लिलाम विक्रि सम्बन्धमा

यस कमल गाउँपालिकाको कार्यालयबाटै बृक्षारोपण गरी संरक्षण गरी राखेका रुखहरु कमल गाउँपालिका वडा नं. २ को नारी शिल्पकला कम्पाउण्ड भित्र रहेको मसलाका रुखहरुले स्थानीय वासीहरुलाई क्षेती पुग्ने भएको हुदाँ उक्त ढले, सडेगलेका रुखहरु मुल्यांकन समितिले निर्धारण गरेको मुल्यांकनको आधारमा लिलाम बढाबढको प्रक्रियाबाट विक्रिको लागि मिति २०७५/०७/१६ मा प्रकाशित सूचना अनुसार कुनै पनि आवेदन नपरेकोले पुनः यो सूचना प्रकाशित गरीएको छ। लिलाममा लिन चाहने व्यक्तिहरुले आफुले बुझाउन सक्ने रकम उल्लेख गरी निम्न मिति, समय र स्थानमा सिलवन्दी वोलपत्र पेश गर्नुहुन सर्वसाधारणको जानकारीका लागि यो सूचना प्रकाशित गरीएको छ ।

| सि. न. | रुखको जात | रुख | रकम | कैफियत |
|---|---|---|---|---|
| १ | मसला | नारी शिल्पकला कम्पाउण्ड भित्रका सबै | ३,१५,०००/- | |

- वोलपत्र पेश गरी सक्नु पर्ने अन्तिम मिति २०७५/०८/०९ गते दिनको २ बजे भित्र ।
- वोलपत्रको साथ आफुले कवोल गरेको रकमको १० प्रतिशत रकम धरौटी जम्मा गरेको आम्दानि (धरौटी) रसिद संलग्न हुनु पर्ने छ ।
- वोल पत्र मिति २०७५/०८/०९ गतेका दिन दिनको ठिक ३ बजे गा. पा. कार्यालयमा वोलपत्र दाताको रोहवरमा खोलिने छ तर वोलपत्र दाता उपस्थित नभएमा पनि वोलपत्र खोल्न बाधा पर्ने छैन ।
- सबभन्दा वढि रकम कबोल गर्नेको वोलपत्र स्विकृत गरीने छ। निजले स्विकार नगरेमा धरौटी जफत गरी दोस्रो अङ्क हुनेको वोलपत्र स्वीकृत गरिनेछ तर पहिलो र दोस्रोले कवोल गरेको रकमको १० प्रतिशत भन्दा वढीको फरक भएमा दोस्रो वोलपत्र स्वीकृत हुने छैन।
- वोलपत्र स्वीकृत भएको ७ दिन भित्र सबै रकम चुक्ता गरी रुख उठाउनु पर्ने छ।
- जिल्ला वनबाट टाँचा लगाउन आवश्यक भए वोलपत्र वालाले नै सबै काम गर्नु पर्ने छ । गा. पा. ले आवश्यक कागजात मात्र उपलब्ध गराउने छ।
- थप जानकारी आवश्यक भए गा. पा. कार्यालयबाट प्राप्त गर्न सकिने छ ।
- वोलपत्रको न्युनतम रकम रु ३१५००० हुनेछ ।
- वोलपत्रमा उल्लेखित सबै रुखहरुको रकम एकमुष्ट उल्लेख गर्नुपर्ने छ ।
- अन्य जानकारी आवश्यक भए गाउँपालिकाको कार्यालयबाट लिन सकिने छ।

वेनु प्रसाद सिवाकोटि
उपाध्यक्ष एवं संयोजक,